श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

भूमिसुधार मन्त्रालयका सचिव श्री नारायणविक्रम शाह अन्तर्राष्ट्रिय श्रम संगठनको परामर्श बैठक तथा अवलोकन भ्रमण कार्यक्रममा भाग लिन स्विट्जरलैण्ड, डेनमार्कतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नापी विभागका महानिर्देशक श्री अर्जुनबहादुर बस्न्यातलाई मिति २०४१।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री मुक्तिप्रसाद काफ्ले फिलिपिन्सको मनिलामा हुने एकीकृत ग्रामीण विकास परियोजनासम्बन्धी गोष्ठीमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४१।६।२८ देखि कायम मुकायम मुकरर गरेको छ

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९०